ICFC

प. सं. आइ.सि.एफ.सि. /२०८२-०८३/प्र.शा. /१२९

मिति : २०८२/०८/०७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : बाइसौं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०८२/०८/०७ (तद्नुसार २३ नोभेम्बर २०२५) आइतबार दिउँसो ३:०० बजे बसेको संचालक समितिको ३५६औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको बाइसौं वार्षिक साधारण सभा मिति २०८२/०८/२९ गते सोमबार (तद्नुसार १५ डिसेम्बर २०२५) बस्ने भएको हुँदा सो प्रयोजनको लागि मिति २०८२/०८/१९ गते संस्थाको शेयर नामसारी तथा दाखिल खारेज बन्द (शेयरधनी दर्ता पुस्तिका) रहने व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, संस्थाले वितरण गर्ने लाभांश निम्नानुसार रहेको व्यहोरा अनुरोध छ ।

**विवरण:-**

१. नगद लाभांश:- चुक्ता पूँजीको १५.७८९५ प्रतिशतले हुन आउने रु. १८,६८,६४,१४७।२३ (अक्षरुपी अठार करोड अठसट्ठी लाख चौसट्ठी हजार एक सय सत्तचालीस र दुई तीन पैसा मात्र । ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत)

२. शेयर दाखिला खारेज बन्द मिति : २०८२/०८/१९ गते

हालको चुक्ता पूँजी : १,१८,३४,७०,९६०/-(अक्षेरुपी एक अर्ब अठार करोड चौंतीस लाख सत्तरी हजार नौ सय साठी मात्र ।)

बार्षिक साधारण सभाको मिति : २०८२/०८/२९ गते

सहयोगका लागि धन्यवाद ।

भवदिय,

ICFC FINANCE LIMITED

लक्ष्मणप्रसाद जैसी
कम्पनी सचिव

**बोधार्थ :**
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

# आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको
# बाइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०८२/०८/०७ गते आइतबारका दिन बसेको सञ्चालक समितिको ३५६औं बैठकको निर्णयानुसार यस कम्पनीको बाइसौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

## १) मिति, समय र स्थान

मिति: २०८२ मंसिर २९ गते सोमबार (तद्नुसार डिसेम्बर १५, २०२५)
समय: विहान १०.०० बजे ।
स्थान: बौद्ध हेरिटेज, बौद्ध पिपलबोट, काठमाण्डौ ।

## २) सभामा प्रस्तुत छलफलका विषयहरु

### क. सामान्य प्रस्तावहरु

१. आर्थिक वर्ष २०८१/८२ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १५.७८९५ प्रतिशतका दरले हुने नगद लाभांश रु. १८,६८,६४,१४७/२३ (अक्षरुपी अठार करोड अठसट्ठी लाख चौसट्ठी हजार एक सय सत्तचालीस र दुई तीन पैसा मात्र । ) (नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि बाह्य लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार बर्तमान लेखापरीक्षक श्री एन.अमात्य एण्ड कं. चार्टड एकाउन्टेन्टस् पुनःनियूक्ति हुन सक्नुहुने छैन ।)

### ख. विशेष प्रस्ताव

१. सञ्चालकको सेवा सुविधा थप गर्ने र सो अनुरुप संस्थाको नियमावलीको दफा २९(ख) र २९(ग) मा संशोधन गर्ने बारे ।
२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

### ग. विविध

ICFC FINANCE LIMITED

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O. Box: 25460, Tel: 977-1-4525292, Email: info@icfc.com.np
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
www.icfc.com.np

## बाइसौं साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. साधारणसभा प्रयोजनका लागि मिति २०८२ साल मंसिर १९ गते एक दिन फाइनान्सको शेयरधनी दर्ता किताब बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयरधनी दर्ता किताब बन्द हुनुभन्दा अघिल्लो दिनसम्म कारोबार भई नियमानुसार नामसारी भई आएका शेयरधनीहरुले सो सभामा भाग लिन र आ.व. २०८१/८२ को नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।

२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाइनेछ । कुनै कारणबस उक्त पुस्तिका नपाउनु भएमा वित्तीय संस्थाको प्रधान कार्यालय, भाटभटेनी, काठमाण्डौ तथा ग्लोवल आइएमई क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौबाट समेत शेयरधनी प्रमाण पत्र / हितग्राही (DEMAT) खाता खोलेको प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्त गर्न सक्नु हुनेछ वा वित्तीय संस्थाको Website: https://www.icfc.com.np बाट हेर्न सकिनेछ ।

३. सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो फोटो भएको कुनै परिचय पत्र, शेयर प्रमाणपत्र/निक्षेप सदस्यको वि.ओ.आई.डि.नम्बर वा कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी वित्तीय संस्थाको प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ ।

५. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्वन्धित शेयरधनी स्वंय सभामा उपस्थित भई मतदान गर्न चाहेमा शेयरधनिले गरिदिएको प्रोक्सी स्वतःबदर हुनेछ ।

६. शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन अर्थात मिति २०८२ साल मंसिर २९ गते बिहानको ९.०० बजे सभा स्थलमा उपस्थित जनाउने कार्यको लागि उपस्थित पुस्तिका राख्ने व्यवस्था मिलाइएको छ ।

७. सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको अवस्थामा वाहेक एक भन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा (साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता किताबमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ ।

८. नावालक वा विक्षिप्त शेयरधनीको तर्फवाट वित्तीय संस्थाको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्नसक्नु हुनेछ । तर नावालक संरक्षकले संचालक पदमा उम्मेदवार हुन र अरु शेयरधनीहरुको प्रोक्सी ल्याउन सक्नुहुने छैन ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

१०. प्रतिनिधि मुकरर गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एक भन्दा बढी व्यक्तिलाई आधा/आधा वा अरु कुनै किसिमबाट छुट्याएर दिएमा बदर हुनेछ ।

११. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

ICFC FINANCE LIMITED

१२. वित्तीय संस्थाको कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले संस्थाको मुख्य कार्यालय भाटभटेनी तथा यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेडमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संस्थाको साधारण सभासंग सम्बन्धित विस्तृत जानकारीहरु संस्थाको Website: https://www.icfc.com.np मा उपलब्ध हुनेछ ।

१३. अन्य विस्तृत जानकारीको लागि वित्तीय संस्थाको प्रधान कार्यालयको फोन नं. ०१-४५२५२९२ मा सम्पर्क राख्नुहुन वा संस्थाको वेबसाइट https://www.icfc.com.np मा हेर्नुहुन वा प्रधान कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

ICFC FINANCE LIMITED



ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O. Box: 25460, Tel: 977-1-4525292, Email: info@icfc.com.np
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था